AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# अष्ट्रेलियन परिवारहरू

सजिलोसंग पढ्ने

## अष्ट्रेलियाको परिवारहरू के जस्तो देखिन्छ?



अष्ट्रेलियामा थुप्रै प्रकारका परिवारहरू छन्।



तिनीहरू तपाईले जानेका परिवारहरूको प्रकार भन्दा धैरै फरक हुन सक्दछ।



अष्ट्रेलियन परिवार यस्ता हुन सक्दछ:


- बुबा, आमा र बच्चाहरू



- सौतेली-आमाबाबु र सौतेली-बच्चाहरु



- घर्म-आमाबाबु र बच्चाहरु



- एकअर्कालाई हेरबिचार गर्ने भाइबहिनीहरू



- एउटै लिङ्गका आमाबाबु



- हजुरबुबा हजुरआमाले नातिनातिनीको हेरचाह गर्ने



- एकजना आमा वा बाबुले आफ्ना छोराछोरीहरूको हेरचाह गर्ने

# अष्ट्रेलियन परिवार कति ठूलो छ?



अष्ट्रेलियन परिवारहरूमा धेरै संयोजनहरू छन्।




धेरै परिवारमा केवल १ वा २ छोराछोरी हुन्छन्।



अन्य परिवारमा ३ वा ४ छोराछोरीहरू हुन सक्छन्।



केहि परिवारहरूको कुनै बच्चा हुदैन।




धेरै महिलाहरुले ३० बर्षको उमेर नभएसम्म बच्चा पाउदैनन्।

# विस्तारित परिवारहरू



विस्तारित परिवारहरू थुप्रै मान्छेहरू सँगै बस्न सक्छन् ।



एक विस्तृत परिवारमा निम्न व्यक्तिहरू समावेश हुन सक्छ:

- हजुरबुबा-हजुरआमा
- काका-काकी र मामा-माईजु
- भतिजभतिजी



सबै अष्ट्रेलियनहरु विस्तारित परिवारहरूमा बस्दैनन् ।


बृद्ध आमाबाबुहरू यसरी जीवन बिताउन सक्छन्:

- आफ्नै घरमा



- वृद्ध मानिसहरूको हेरविचार गर्ने विशेष घरहरूमा

# विवाहित हुनु




अष्ट्रेलियामा पुरुष र महिला विवाह नगरी सँगै बस्न सक्दछन् ।




यसलाई सामान्य-कानून (कमन-ल) वा डि-फ्याक्टो सम्बन्ध भनिन्छ ।




यसलाई समाज र कानून दुवैले मान्याता दिईएको छ ।



अष्ट्रेलियामा तपाईंलाई अन्य मान्छेसंग विवाह गर्न स्वतन्त्र छ:

- अन्य जातीको
- अन्य संस्कृतिको
- अन्य धर्मको





विवाह गर्न १८ वर्षको उमेर भन्दा ठूलो हुनु आवश्यक छ ।



यदि तपाई १८ बर्ष भन्दा कम उमेरको हुनु हुन्छ भने अदालते तपाईंले विवाह गर्न पाउने वा नपाउने निर्णय गर्छ।

तपाईंको एक राम्रो कारण चाहिन्छ।




अष्ट्रेलियामा मागी विवाहहरू ठीक छन् यदि दुबै व्यक्तिहरू:

- एकअर्कासित विवाह गर्न चाहन्छन्
- १८ बर्ष भन्दा बढी उमेरका छन्



कसैले विवाह गर्न बाध्य पार्न सक्दैन।



जबरजस्ती विवाह अवैध हो।



एकै समयमा एक भन्दा बढी पति वा पत्नी हुनु पनि कानून विरुद्ध हो।




यदि २ जना मानिसहरू विवाहित रहन चाहँदैनन् भने उनीहरूले सम्बन्ध विच्छेद (डिभोर्स) गर्न सक्छन् ।





सम्बन्ध विच्छेद (डिभोर्स):

- सामान्य हो
- समुदायमा स्वीकार्य छ

अष्ट्रेलियाका व्यक्तिहरु सम्बन्ध विच्छेद (डिभोर्स) पछि विवाह गर्नु सामान्य छ ।

## काम र जागिर



धेरै अष्ट्रेलियाका महिलाको जागिर हुन्छ र घर बाहिर काम गर्छन् ।



थुप्रै अष्ट्रेलियाली पुरुषहरूले घर वरिपरिको काममा मद्दत गर्छन् ।



तिनीहरूले यस्तो काम गर्न सक्छन्:

- परिवारको खाँचो अनुसार खानाको लागि पसल जाने
- पकाउने
- सफा गर्ने
- बच्चाहरूको हेरचाह गर्ने



केही पुरुषहरू घरमा बच्चाहरू हेरेर बस्छन् र महिलाहरू काम गर्न जान्छन्।



किशोरकिशोरीहरूको प्रायः अंशकालिन काम (पार्ट-टाईम) हुन्छ जसले तिनीहरूलाई सहयोग गर्दछ:

- पैसा कमाउन
- नयाँ सीपहरु सिक्न




जागिर पाउनाले उनीहरूलाई मद्दत गर्न सक्दछ:

- कामको अनुभव बटुल्न
- पैसा
  - आफैलाई
  - परिवारको बिल भुक्तानी गर्न सहयोग गर्न

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM